नियम संख्या : ५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/०६/०२

## कैलारी गाउँपालिका

# गाउँ कार्य पालिकाको कार्यालय

## हसुलिया, कैलाली

## स्थानीय तहको योजना तथा बजेट तर्जूमा

## दिग्दर्शन, २०७४

# स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४

## १. वस्तुगत विवरण (Profile) तयार गर्नुपर्ने

प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले गर्नु पर्दछ । वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिती देखिने गरि वस्तुगत विवरण (Profile) तयार गर्नु पर्नेछ । वस्तुगत विवरणको आधारभूत ढाँचा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।सो ढाँचामा स्थानीय तहले आवश्यकता अनुसार थप विवरण समावेश गरी परिमार्जन गर्न सक्नेछ ।वस्तुगत विवरण अध्यावधिक गरी आफ्नो Website मार्फत सार्वजनिक गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

## २. वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा

प्रत्येक स्थानीय तहले आगामी आर्थिक वर्षको लागि वार्षिक बजेट तथा कार्यक्रम कानुनमा मिति तोकिएकोमा सोहि मितिमा र अन्य अवस्थामा आर्थिक वर्ष शुरु हुनु अगावै तर्जुमा गरी सभाबाट स्वीकृत गर्नुपर्नेछ । बजेट तथा कार्यक्रम तर्जुमाको लागि देहाय बमोजिमका समितिहरु रहने छन्।

### २.१ राजस्व परामर्श समिति

२.१.१. नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहि स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय बमोजिम एक राजस्व परामर्श समितिको गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँ/नगरपालिकाको उपाध्यक्ष / उपप्रमुख | - संयोजक |
| ख) गाउँ/नगर कार्यपालिकाको कार्यकारी अधिकृत | - सदस्य |
| ग) गाउँ/नगर कार्यपालिकाले तोकेको एक महिला सहित २ जना सदस्य | - सदस्य |
| घ) स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधी | - सदस्य |
| ङ) स्थानीय नेपाल चेम्बर अफ कमर्शका प्रमुख वा प्रतिनिधी | - सदस्य |
| छ) गाउँ/नगर कार्यपालिकाको राजस्व विभाग / शाखा प्रमुख | - सदस्य सचिव |

समितिले राजस्व, बजेट तथा लेखा क्षेत्रमा दक्षता भएका सम्बन्धित स्थानीय तहको क्षेत्र भित्रका दुई जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२.१.२. राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) राजस्व सम्बन्धी नीति तथा कानुन तर्जूमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।

घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्न परामर्श दिने ।

ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने ।

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने ।

२.२ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

२.२.१. स्थानीय तहमा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तय गर्न स्थानीय तहमा देहाय बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुनेछ ।

क) गाउँ/नगर कार्यपालिकाका अध्यक्ष/प्रमुख - संयोजक

ख) गाउँ/नगर कार्यपालिकाका उपाध्यक्ष/उपप्रमुख - सदस्य

ग) गाउँ/नगर कार्यपालिकाको कार्यकारी अधिकृत - सदस्य

घ) अध्यक्ष वा प्रमुखले कार्यपालिकाका सदस्यहरु मध्येबाट तोकेको महिला, दलित वा अल्पसंख्यकबाट प्रतिनिधित्व हुने गरी बढिमा ३ जना - सदस्य

ङ) गाउँपालिका वा नगरपालिकामा योजना हेर्ने महाशाखा वा शाखा प्रमुख- सदस्य सचिव

२.२.२ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने आय, संघीय तथा प्रदेश सरकारबाट प्राप्तहुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने ।

ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरि प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने ।

ग) आगामी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने ।

घ) विषय क्षेत्रगत बजेटको सीमा (Ceiling) निर्धारण गर्ने ।

ङ) संघीय/प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तय गर्ने ।

च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने ।

छ) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी स्थानीय तहको आवश्यकता र निर्णय वमोजिमका अन्य कार्यहरु गर्ने ।

## २.३ बजेट तथा कार्यक्रम तर्जूमा समिति

२.३.१. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार भएको आयको प्रक्षेपण र वितरणको खाकामा आधारित भई नेपालको संविधानको धारा २३० बमोजिम स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जूमा गर्न देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँ/नगर कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख | - संयोजक |
| ख) विषयगत क्षेत्र हेर्ने गाँउ/नगर कार्यपालिकाका सदस्यहरु ६ जना | - सदस्य |
| ग) गाउँ/नगर कार्यपालिकाको कार्यकारी अधिकृत | - सदस्य सचिव |

२.३.२. बजेट तथा कार्यक्रम तर्जूमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आगामी आ.व.को नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने ।

ख) श्रोत अनुमान समितिले दिएको बजेट सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने ।

ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरि गाउँ / नगर कार्यपालिकमा पेश गर्ने ।

घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने ।

ङ) बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी स्थानीय तहको आवश्यकता र निर्णय वमोजिमका अन्य कार्यहरु गर्ने ।

## ३. योजना/आयोजना तर्जूमा तथा प्राथमिकिरणका आधारहरु

गाउँपालिका/नगरपालिकाले योजना/आयोजना तथा बजेट तर्जूमा गर्नु पूर्व योजना/आयोजना छनौट र प्राथमिकिकरणको आधार र मापदण्ड तयार गर्नु पर्नेछ । यस्तो आधार र मापदण्ड तयार गर्दा वस्ति/टोलस्तर, वडास्तर र गाउँपालिकास्तरका छुट्टा छुट्टै मापदण्ड र आधार तोक्न सकिनेछ । यस्ता आधार र मापदण्ड तय गर्दा सामान्यतया निम्न विषयहरु समावेश गर्नु पर्नेछ ।

### ३.१. योजना तर्जूमाका आधारहरुः

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतिकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु,
- स्थानीय तहका आवधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु,
- स्थानीय तहको मध्यकालिन खर्च संरचना (MTEF) अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

३.२. आयोजना / कार्यक्रम प्राथमिकिकरणका आधारहरु:

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने),
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल (Resilience) बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु ।

## ४. वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रिया

स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न चरणहरुको अवलम्बन गर्नुपर्नेछ ।

४.१. संघ तथा प्रदेशवाट वित्तिय हस्तान्तरणको खाका एवं वजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने ।

४.१.१. स्थानीय तहले प्रत्येक वर्ष संघीय / प्रदेश सरवारवाट वित्तिय हस्तान्तरणको खाका तथा मार्गदर्शन प्राप्त गरि उक्त खाका, मार्गदर्शन एवं स्थानीय श्रोत साधन समेतको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

४.२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण-

४.२.१. राजस्व परामर्श समितिले राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नेछ ।

४.२.२. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आवको बजेटको कुल सीमा, विषयक्षेत्रगत बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार र मार्गदर्शन तय गरी स्वीकृतीको लागि गाउँ / नगर कार्यपालिकामा पेश गर्नेछ ।

४.२.३. विषयक्षेत्रगत सीमा निर्धारण गर्दा समपुरक कोष, लक्षित समुह विकास, आर्थिक, सामाजिक तथा पुर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरुको लागि निश्चित रकम छुट्याउन सकिनेछ ।

४.२.४. गाउँ / नगर कार्यपालिकाले विषयक्षेत्रगत बजेट सीमा, मार्गदर्शन तथा प्राथमिकिकरणका आधारहरु स्विकृत गरि वडा तहमा पठाउने ।

४.२.५. वडा समितिले प्राप्त विषयक्षेत्रगत सिलिङ र मार्गदर्शनमा छलफल गर्ने, वडा अन्तर्गतका वस्तिहरुमा योजना छनौटको मोडालिटी तयार गर्ने, बस्तीहरुमा योजना छलफलको मिति तय गरी सूचना गर्ने ।

४.३. बस्ती/टोल स्तरबाट आयोजना / कार्यक्रम छनौट -

४.३.१. वडा समितिले वस्तीस्तरको आयोजना / कार्यक्रम छनौटको ढाँचा तय गर्दा वडा भित्रका वस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरि सवै नागरिकलाई योजना छनौटको वस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३.२. वस्ती / टोलस्तरको आयोजना / कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोलि परिचालन गर्नु पर्नेछ ।

४.३.३. वस्ती / टोलस्तरको आयोजना / कार्यक्रम छनौट गर्दा वालवालिका, महिला, आदिवासी / जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सवै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३.४. वस्ती / टोलस्तरको आयोजना / कार्यक्रम छनौटमा नागरिक समाजका संस्थाहरु, महिला / आमा समुहहरु, वालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

४.३.५. वस्तीस्तरमा छनौट भएका हरुको आयोजना / कार्यक्रमहरुको सूची तयार गरि वडा समितिमा पेश गर्नु पर्नेछ ।

४.४. वडा स्तरीय आयोजना / कार्यक्रमहरुको प्राथमिकिकरण

४.४.१. वडा समितिले गाउँपालिकाबाट प्राप्त आयोजना / कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/वस्तीस्तरबाट प्राप्त आयोजना / कार्यक्रमहरुलाई विषयक्षेत्र समेत छुटयाई प्राथमिकिकरण गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरि पठाउनु पर्नेछ ।

४.४.२. वडा समितिले वस्तिस्तरबाट माग नभएका तर गाउँ / नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना / कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सक्नेछ ।

## ४.५. बजेट तथा कार्यक्रम तर्जूमा

४.५.१. बजेट तथा कार्यक्रम तर्जूमा समितिले वडा समितिबाट प्राथमिकिकरण भई आएका आयोजना / कार्यक्रमहरु तथा गाँउ / नगरस्तरमा संचालन गर्न आवश्यक देखिएका आयोजना / कार्यक्रम समेतका आधारमा विषयक्षेत्रगत सूची तयार गर्नुपर्नेछ ।

४.५.२. विषयक्षेत्रगत सूची तयार गर्दा देहाय बमोजिम क्षेत्र छुट्याउनु पर्नेछ -

क) आर्थिक विकास - कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र

ख) सामाजिक विकास - शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण,

ग) पूर्वाधार विकास - सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत ( वैकल्पिक उर्जा समेत), संचार

घ) वातावरण तथा विपद व्यवस्थापन - वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, Sanitary Land Fill Sites, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारूण यन्त्र संचालन

ङ) संस्थागत विकास तथा सेवा प्रवाह - मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग,

च) वित्तीय व्यवस्थापन र सुशासन - लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, वित्तीय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छ्यौट, सुचना तथा संचार व्यवस्थापन,

४.५.३. आयोजना तथा कार्यक्रमहरुको विषयगत सुची माथी छलफलको लागि विषयगत क्षेत्र हेर्ने सदस्यको संयोजनमा गाउँ / नगर सभाका कम्तिमा १/१ जना महिला

तथा दलित सदस्य, सम्बन्धित विषय हेर्ने शाखा / विभागका प्रमुख समेत रहने गरि ५ सदस्यीय कार्य समुह गठन गरि समूहगत छलफलको व्यवस्था मिलाउनु पर्नेछ । यस्तो कार्यसमुहको सदस्य सचिव बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने शाखा / विभागका प्रमुख रहनेछन ।

४.५.४. विषयगत कार्य समुहले निम्न पक्षहरुलाई समेत मध्यनगर गर्दै आयोजना / कार्यक्रमको प्राथमिकिकरण गर्नु पर्नेछ -

क) गाउँ / नगर कार्यपालिकाले तय गरेको आयोजना / कार्यक्रम प्राथमिकिकरण मापदण्ड र आधार

ख) आयोजनाहरुको संचालनको संभाव्यता, प्राविधिक क्षमता र बजेट सीमा

ग) आयोजना / कार्यक्रममा हुन सक्ने दोहोरोपना, अन्तर विषयगत परिपुरकता र अन्तरसम्बन्ध

४.५.५. विषयगत कार्य समुहले विषयक्षेत्रगत छलफलमा सम्वन्धित विषयका विज्ञ वा क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

४.५.६. विषयगत कार्य समुहबाट छलफल भई प्राथमिकिकरण भएका आयोजना / कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्विकृतीको लागि गाउँ / नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

४.५.७. बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयोजना / कार्यक्रम सिफारिश गर्दा खर्च व्यहोर्ने श्रोत किटान भएका तथा बजेट सुनिश्चित भएका आयोजना / कार्यक्रमहरु मात्र पेश गर्नु पर्नेछ ।

४.५.८. बजेट तथा कार्यक्रम समितिले बजेट तथा कार्यक्रम पेश गर्दा देहाय बमोजिमका विवरणहरु समेत तयारी गरी पेश गर्नु पर्नेछ ।विवरण तयार गर्ने ढाँचा अनुसुचीहरुमा संलग्न भए बमोजिमको हुनुपर्नेछ ।

क) आगामी वर्षको लागि प्रस्तावित राजस्व / करका दरहरु

ख) स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम

ग) स्थानीय तहको गत आवको यथार्थ, चालु आवको संसोधित अनुमान र आगामी आवको अनुमानित आय व्ययको विवरण

घ) स्थानीय तहको वार्षिक विकास कार्यक्रम (आयोजना / कार्यक्रमको विवरण)

ङ) विनियोजन विधेयक

च) आर्थिक विधेयक

## ४.६. गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

४.६.१. बजेट तथा कार्यक्रम तर्जूमा समितिले पेश गरेको नीति तथा कार्यक्रम, वार्षिक विकास कार्यक्रम र बजेट गाउँ / नगर कार्यपालिकामा छलफल गरि स्विकृत गर्नु पर्नेछ ।

४.६.२. यसरी स्विकृत नीति तथा कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले गाउँ / नगर सभामा असार १५ गते बजेट भाषण मार्फत पेश गर्नेछ ।

४.७. गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति

४.७.१. गाउँ / नगर कार्यपालिकाले पेश गरेको नीति, कार्यक्रम र बजेट उपर गाउँ / नगर सभामा दफावार छलफल गरि बहुमतले पारित गर्नु पर्नेछ ।

४.७.२. यसरी पारित भएको नीति, कार्यकम र बजेट कार्यान्वयनको लागि गाँउ / नगर कार्यपालिकाको कार्यालयमामा पठाउनु पर्नेछ ।

४.७.३ गाउँ / नगर कार्यपालिकाको कार्यालयले यसरी प्राप्त भएको नीति कार्यक्रम र बजेटको कार्यान्वयको समयतालिका समेत तयार गरि कार्यान्वयनमा लैजानु पर्नेछ ।

## ५. गैर सरकारी संस्था तथा निजी क्षेत्रको सहकार्यमा संचालन हुने योजना कार्यक्रम सम्बन्धी व्यवस्था

५.१. स्थानीय तहमा कार्यक्रम संचालन गर्न चाहने गैर सरकारी संस्थाहरुले कार्यक्रम संचालन गर्नु पूर्व गाउँ / नगर सभाबाट कार्यक्रम परित गराउनु पर्नेछ ।

५.२. गैर सरकारी संस्थाले कार्यक्रम संचालनको प्रस्ताव गाँउ / नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । गाँउ / नगर कार्यपालिकाको कार्यालयले यस्तो प्रस्तावलाई बजेट तथा कार्यक्रम समितिमा पठाई सम्बन्धित विषयक्षेत्रगत समितिहरुमा छलफल गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

५.३. निजी क्षेत्रका संस्थाहरुसगँको सहकार्यमा संचालन हुने कार्यक्रम संचालन गर्नु पूर्व गाउँ / नगर सभाबाट कार्यक्रम परित गराउनु पर्नेछ ।

## ६. बजेट तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मुल्यांकन

६.१. बजेट तथा कार्यक्रमको कार्यान्वयन

६.१.१. गाउँ / नगर सभाबाट वार्षिक कार्यक्रम तथा बजेट स्विकृत भए पछि गाँउ / नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम कार्यान्वयन योजना तयार गर्नु पर्नेछ।

६.१.२. कार्यान्वयन कार्ययोजना तयार गर्दा कार्यान्वयनको ढाँचा (Modality), समय सीमा, कार्यान्वयन गर्ने जिम्मेवार निकाय वा पदाधिकारी, अनुगमन मुल्यांकनको मापदण्ड र प्रक्रिया समेत तोक्नु पर्नेछ ।

६.१.३. आयोजना / कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन लगायत प्रचलित कानुनको अधिनमा रहि गर्नु पर्नेछ ।

६.२. बजेट तथा कार्यक्रमको अनुगमन र मुल्यांकन

६.२.१. गाउँपालिका / नगरपालिकाले संचालित आयोजनाहरुको नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

६.२.२. अनुगमन गर्दा स्पष्ट नतिजा सूचक सहितको अनुगमन फारम तयार गरी प्रयोग गर्नु पर्नेछ ।

६.२.३. योजना प्रगती समिक्षाको लागि नगर प्रमुख वा गाउँपालिकाको अध्यक्षतामा स्थानीय विकास समस्या समाधान समिति गठन गर्नुपर्नेछ । यस्तो समितिको बैठक कम्तीमा वर्षको ३ पटक बस्नुपर्नेछ ।

६.२.४. गाउँपालिका / नगरपालिकाहरुले आयोजना / परियोजनाको अनुगमन, सुपरिवेक्षण र मुल्यांकनको लागि विभिन्न समितिहरु गठन गर्न सक्नेछन् ।

६.२.५. अनुगमन मुल्याकंन सम्बन्धी अन्य व्यवस्थाको बारेमा गाउँ / नगर कार्यपालिकाले आवश्यक कार्यविधी तयार गर्न सक्नेछन् ।

७. विविध

७.१. राजस्व तथा खर्च शिर्षकको प्रयोग -

स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रम बनाउँदा नेपाल सरकारले तोके बमोजिमका राजस्व तथा खर्चका शिर्षकहरुको प्रयोग गर्नु पर्नेछ ।

७.२. निर्वाचन सम्पन्न नभएका स्थानीय तहका सम्बन्धमा विशेष व्यवस्था

स्थानीय तहको निर्वाचन सम्पन्न नभएका स्थानीयतहको हकमा निर्वाचित प्रतिनिधि बहाल नभएसम्म चालु प्रकृतिका अनिवार्य दायित्व सम्बन्धी (तलब भत्ता र कार्यालय संचालन) खर्च तथा गाँउ / नगर कार्यपालिकाका पदाधिकारीहरुको कार्यकक्ष तथा कार्यालयको मर्मत संभार व्यवस्थापन खर्च र बहुवर्षिय खरिद योजना अन्तर्गत कार्यान्वयनमा रहेका एवं हस्तान्तरण भई आएका आयोजना तथा कार्यक्रमहरुकोलागि बजेट बनाई कार्यान्वयन गर्न सकिनेछ ।

योजना तर्जुमाको समय तालिका

| क.सं. | कार्य विवरण | आ.व. २०७४/७५ को लागि | अन्य आवहरुको लागि | कैफियत |
|---|---|---|---|---|
| १ | संघ तथा प्रदेशवाट वित्तिय हस्तान्तरणको खाका एवं वजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्रास गर्ने | असार २ | असार २ | |
| २ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | असार ४ | वैशाख ३० | |
| ३ | बस्ती/टोल स्तरबाट योजना छनौट | असार १० | जेठ १५ | |
| ४ | वडा स्तरीय योजना प्राथमिकिकरण | असार १५ | जेठ २५ | |
| ५ | वजेट तथा कार्यक्रम तर्जूमा समितिबाट बजेट तथा कार्यक्रम तयारी | असार २४ | असार १५ | |
| ६ | गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृती गरि सभामा पेश गर्ने | असार २५ | असार १५ | |
| | गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति | असार ३० | असार ३० | |